# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः४ मितिः२०८०।०६।२२

## भाग-२

## सुनिलस्मृति गाउँपालिकाको किशोर-किशोरी सञ्जाल सञ्चालन कार्यविधि,२०८०

**प्रस्तावनाः** किशोर-किशोरीहरू भनेको बाल्यावस्थाबाट वयस्क अवस्था तर्फ बढ्दै गरेको तर युवा नभइसकेको अवस्था हो। यहि उमेरमा उनीहरूको शरीर (प्रजनन अंग) मा पनि परिवर्तन हुन्छ।यस हिसाबले यो उमेर समुह शारिरिक तथा मानसिक हिसाबले निक्कै जटिल अवस्थाबाट गुज्रिरहने भएकोले पनि संवेदनशिल मानिएको हो। किशोरावस्था मानिसको जीवनको महत्वपूर्ण अवस्था हो। यो अवस्थामा उनीहरूले प्राप्त गर्ने माया, सहयोग, संस्कार,

शिक्षा आदिले उनीहरूको भविष्यको आधार तय गर्दछ। राम्रो वातावरण पाएमा उनीहरू असल, सफल र सुसंस्कृत मानिस बन्न सक्छन्। अनुकूल वातावरणको अभावमा उनीहरू असफल र अपराधी पनि बन्न सक्छन्। त्यसैले हामीले किशोर किशोरीको मनोविज्ञान कति बुझ्ने गरेका छौं र उनीहरूको अवस्थालाई कति महत्वले हेरेका छौं? भन्ने प्रश्न महत्वपूर्ण छ। उनीहरूको हुर्काइमा विभिन्न विषयले प्रभाव पारिरहेको हुन्छ। पारिवारिक वातावरण, विद्यालय, साथी, समाज आदिका माध्यमबाट उनीहरूले जीवनका चौतर्फी ज्ञानहरू सिक्ने अवसर प्राप्त गर्दछन्। यही क्रममा उनीहरूले जीवनको बाटो छान्छन्। यो अवस्थामा ध्यान पुगेन भने उनीहरू राष्ट्र निर्माता नबनेर राष्ट्रका ध्वंशकर्ता पनि बन्न सक्छन्।

भविष्यका राष्ट्र निर्माता मानिने किशोर-किशोरीको स्वास्थ्य, शिक्षा,मनोञ्जन, क्षमता र सीप विकासको निम्ति समयमै केही गर्न वाञ्छनीय भएकोले सुनिलस्मृति गाउँपालिकाले किशोर-किशोरी सञ्जाल सञ्चालन कार्यविधि,२०८० तयार गरी लागु गरेको छ।

# परिच्छेद-१

## प्रारम्भिक

## १. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम **"सुनिलस्मृति गाउँपालिकाको किशोर-किशोरी सञ्जाल सञ्चालन कार्यविधि,२०८०"** रहेको छ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

## २. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क)**"गाउँपालिका"** भन्नाले सुनिलस्मृति गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

ख)**"वडा कार्यालय"** भन्नाले सुनिलस्मृति गाउँपालिकाका वडा कार्यालयहरूलाई सम्झनुपर्दछ।

ग) **"किशोर-किशोरी"** भन्नाले यस गाउँपालिका भित्रका १२ वर्षदेखि १९ वर्ष उमेर समुहका किशोर-किशोरी लाई सम्झनुपर्छ।

घ) **"किशोर-किशोरी सञ्जाल"** भन्नाले यस गाउँपालिका अन्तर्गतका प्रत्येक वडामा वडा स्तरीय र सबै वडालाई समेटेर गाउँपालिका स्तरमा गठन गरिएको सञ्जाललाई सम्झनुपर्छ।

ङ) **"लैङ्गिक हिंसा"** भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसालाई सम्झनुपर्छ।

च) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा"** भन्नाले सुनिलस्मृति गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखालाई सम्झनुपर्छ।

## परिच्छेद-२

## किशोर-किशोरी सञ्जाल सञ्चालनको उद्देश्य, वडा र गाउँपालिका स्तरीय सञ्जालको गठन तथा काम कर्तव्य र अधिकार

### ३. किशोर-किशोरी सञ्जाल सञ्चालनको उद्देश्यः

क) विभिन्न निकायबाट सञ्चालन गरिने विकासका क्रियाकलापमा किशोर किशोरीको पहुँच अभिवृद्धि तथा सहभागिता सुनिश्चित गर्ने,

ख) किशोर किशोरीहरूलाई आफ्ना हकहित र अधिकारका विषयमा जागरुक गराउने,

ग) सामाजिक विकृति विसङ्गति, कुरीति अन्धविश्वास, लैङ्गिक विभेद, सामाजिक अपहेलना विरुद्ध आवाज उठाउन जागरुक गराउने,

घ) किशोर किशोरीहरूलाई वडा समितिको मातहतमा रहने गरी सहभागितामुलक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा सहभागिता गराउने,

ङ) किशोर किशोरी मैत्री गाउँपालिकाको रुपमा पहिचान स्थापित गर्न पहल गर्ने,

च) किशोर किशोरी लक्षित कार्यक्रम तय गर्न पहल गर्ने।

### ४. वडा स्तरीय किशोर किशोरी सञ्जाल गठनः

१.वडाभित्रका प्रत्येक टोलका किशोर किशोरीहरूको सहभागीतामा गठन गरिएको सञ्जाललाई वडा स्तरीय सञ्जाल मानिनेछ।

२.वडाध्यक्षको संरक्षकत्वमा एक वडामा एक किशोर किशोरी सञ्जाल रहनेछ।उपदफा (१) बमोजिम गठन हुने किशोर किशोरी सञ्जाल वडास्तरीय भेलाबाट कम्तीमा ७ र बढिमा १५ जनाको कार्यसमिति रहनेछ ।कार्यसमिति गठन गर्दा किशोरीको संख्या कम्तिमा ५० प्रतिशत रहनुपर्नेछ ।समितिमा सिमान्तकृत तथा अपाङ्गता भएकाहरूलाई पनि समावेश गर्नुपर्नेछ।

३. सञ्जालको पदावधि एक वर्षको हुनेछ । एक वर्षमा आफू पदाधिकारी रहेको पद हेरफेर गर्न सक्नेछन्। सञ्जालका पदाधिकारीहरू एउटै पदमा लगातार दुई कार्यकाल भन्दा बढी रहनेछैनन् ।

४.सञ्जालको बैठक कम्तिमा द्वैमासिक रुपमा बस्नेछ । आवश्यक परेमा आवश्यकता अनुसार बस्न सक्नेछन् ।

५.सञ्जालको बैठकमा आवश्यकता अनुसार अन्य सरोकारवालाहरूलाई आमन्त्रण गर्न सक्नेछन् ।

६. सञ्जालले बार्षिक रुपमा साधारण सभा गर्नेछ ।

७.यस अघि गठन भएका किशोर किशोरी सञ्जाल यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## ५. वडा स्तरीय किशोर किशोरी सञ्जालको सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः

वडा स्तरीय किशोर किशोरी सञ्जाल सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) किशोर किशोरीहरूका विविध सवालहरूमा वडा समितिलाई आवश्यक सुझाव सल्लाह प्रदान गर्ने,

ख) किशोर किशोरीहरूको हित हुने खालका कार्यक्रम तथा योजनाहरू माग गर्ने तथा विकास निर्माणमा वडा समितिप्रति समन्वयकारी भूमिका निर्वाह गर्ने,

ग) वडाका प्रत्येक टोलहरूमा रहेका सवालहरू, विकृति तथा विसङ्गतिका विषयहरूमा घनिभूत छलफल गरी निराकरणका लागि पैरवी गर्दै वडा समक्ष सुझाव तथा सल्लाह दिने,

घ) टोलमा हुने कुनै पनि प्रकारको आपराधिक घटनाका विषयमा सत्य तथ्य सहित वडा तथा सम्बन्धित निकायमा जानकारी गराउने,

ङ) सभ्य, सुसंस्कृत तथा नमुना टोल निर्माणका लागि उपाय खोजी गरी लागू गर्ने,

च) वडाले सञ्चालन गर्ने सामाजिक क्रियाकलापमा सहयोग र सहभागिता जनाउने ।

## ६. गाउँपालिका स्तरीय किशोर किशोरी सञ्जाल गठनः

१.गाउँपालिका स्तरमा किशोर किशोरीको आर्थिक, सामाजिक, लैङ्गिक, सांस्कृतिक, मनोवैज्ञानिक एवं समग्र क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न बालअधिकार समितिको संयोजकको संरक्षकत्वमा एक गाउँपालिका स्तरीय किशोर किशोरी सञ्जाल गठन गरिनेछ।

२. उपदफा (१) बमोजिम गठन हुने किशोर किशोरी सञ्जालमा वडा स्तरीय सञ्जालका अध्यक्षहरूको भेलाबाट वडाका सञ्जालबाट ८ जना र गाउँपालिका स्तरीय बालसञ्जालको संयोजक १(पदेन सदस्य) गरी ९ जनाको कार्यसमिति रहनेछ ।कार्यसमितिमा १ जना संयोजक र अन्य सबै सदस्य हुनेछन् ।

३.सञ्जालको बैठक कम्तिमा त्रैमासिक बस्नेछ । आवश्यक परेमा आवश्यकता अनुसार बस्न सक्नेछन् ।

४. सञ्जालको पदावधि एक वर्षको हुनेछ ।

५. सञ्जालको बैठकमा आवश्यकता अनुसार अन्य सरोकारवालाहरूलाई आमन्त्रण गर्न सक्नेछन् ।

## ७. गाउँपालिका स्तरीय किशोर किशोरी सञ्जाल सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः

गाउँपालिका स्तरीय किशोर किशोरी सञ्चालक समितिले देहायको कार्यहरू गर्नेछन्:

१. किशोर किशोरीका अधिकार, किशोर किशोरीहरूका विविध सवालहरूका विषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँपालिकालाई सुझाव तथा सल्लाह दिने,

२. किशोर किशोरीहरूमा सचेतना वृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाउँपालिकालाई सिफारिस गर्ने,

३. किशोर किशोरीहरू विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारिरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने

४.किशोर किशोरी मैत्री गाउँपालिका निर्माणमा आवश्यक पहल गर्ने ।

# परिच्छेद-३

## किशोर किशोरी सञ्जाल दर्ता सम्बन्धमा

### ८. किशोर किशोरी सञ्जाल दर्ता हुनुपर्नेः

१.प्रत्येक वडामा गठन हुने किशोर किशोरी सञ्जाल गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखामा दर्ता हुनुपर्नेछ।

२.उपदफा (१) बमोजिम दर्ता हुनको लागि किशोर किशोरी सञ्जालले वडाको सिफारिस सहित पेश गर्ने निवेदनको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ।

३.किशोर किशोरी सञ्जाल सञ्चालक समितिबाट निर्णय भई दर्ताको लागि पेश गरेमा गाउँपालिकाले अनुसूची-२ बमोजिम किशोर किशोरी सञ्जाल दर्ता प्रमाणपत्र प्रदान गर्नुपर्नेछ।

४.कुनै किशोर किशोरी सञ्जालले यस कार्यविधिको उद्धेश्य विपरित कार्य गरेमा वा प्रचलित कानुन बमोजिम गर्न नहुने कार्य गरेमा गाउँपालिकाले जुनसुकै बखत त्यस्तो सञ्जाल खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ किशोर किशोरी सञ्जाल गठन हुनेछ।

### ९. पुरस्कृत गर्नेः

उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास हुने किशोर किशोरी सञ्जाललाई गाउँपालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ।

## परिच्छेद-४

## किशोर किशोरी सञ्जालको कार्यक्षेत्र

### १०. किशोर किशोरी सहभागिता पर्वर्द्धन

गाउँपालिकामा किशोर किशोरीको समग्र विकास तथा उनीहरूलाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरूमा प्राथमिकताका साथ किशोर किशोरी सहभागिता तथा स्रोत व्यवस्थापनका क्षेत्रमा आवश्यक सहजीकरण र पैरवी गर्ने ।

### ११. शिक्षा

सीपमूलक र गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न स्थानीय तथा पिछडिएका क्षेत्रका किशोर किशोरीहरूलाई शिक्षालयहरुमा अध्ययन गर्ने अवसर सृजना गर्न सहजीकरण समन्वय र पैरवी गर्ने ।

### १२. स्वास्थ्य

क) किशोर किशोरीलाई प्रजनन स्वास्थ्य सम्वन्धी शिक्षा प्रदान गर्ने, यौनजन्य हिंसाबाट जोगिने, लागु पदार्थको दुर्व्यसनबाट बच्ने एचआईभी/एड्सको

सम्भावित जोखिमबारे सचेत गराउने र एचआईभी/एड्सबाट सङ्क्रमित उपर हुने गरेका सबै खाले सामाजिक भेदभाव कम गराउने प्रकारका जनचेतनामुलक कार्यक्रमहरू सञ्चालनका लागि समन्वय र सहकार्य गर्ने ।

ख) गाउँपालिका तथा विभिन्न गैरसरकारी संस्थासँग समन्वय र सहकार्य गरी बालश्रम, बाल विवाह, आत्महत्या तथा विभिन्न कुरीति विरुद्ध अभियान सञ्चालन गर्ने र सहभागिता जनाउने ।

**१३. वैदेशिक रोजगारी**

वैदेशिक रोजगारीमा जाने किशोर किशोरीहरूलाई विदेशमा हुनसक्ने सम्भावित ठगीबाट जोगाउन र जोखिम कम गर्न उनीहरूलाई आवश्यक कानुनी तथा अन्य सूचनामूलक जानकारी प्राप्त गर्न सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।

**१४. हानीकारक अभ्यास विरुद्ध अभियान**

क) लागु औषध सम्वन्धी सडक नाटक तथा विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।(जस्तै:किशोर किशोरी शिक्षा, साथी शिक्षा)

ख) सुनिलस्मृति गाउँपालिको सामाजिक सुधारमा प्रभावकारी भूमिका निर्वाह गर्ने,

ग) सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको सुमधुर सम्बन्ध स्थापित गरी किशोर किशोरीको उत्थानमा सहजिकरण गर्ने,

घ) गाउँपालिका तथा वडाबाट सञ्चालित योजनामा सक्रिय सहभागिता जनाउने,

ङ) अन्धविश्वास, कुरीति, बालविवाह, विद्यालय छाड्ने, आत्महत्या जस्ता सामाजिक समस्या, विकृति, विसङ्गतिको पहिचान गरि सुधारका प्रयासहरू गर्ने,

च) धुम्रपान तथा मद्यपान जस्ता विकृतिहरू न्यूनीकरण गरी नमुना गाउँको रुपमा स्थापित गर्दै लैजाने,

छ) वडा तथा टोलमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी सभ्य, सुसंस्कृत टोल समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने,

ज) समानतामा आधारित पहुँच, समतामूलक समाज निर्माणमा जोड दिई किशोर किशोरीहरूका अधिकारका विषयप्रति सचेत एवं चनाखो हुने,

झ) विभिन्न कार्यक्रम मार्फत आफ्नो रितिरिवाज, संस्कृतिको प्रदर्शन मार्फत आन्तरिक तथा बाह्य पर्यटन प्रवर्दनमा सहयोग पुर्याउने,

## परिच्छेद-५

## विविध

### १५. सञ्जालको कोषः

१)वडास्तरीय किशोर किशोरी सञ्जालको आफ्नो छुट्टै कोष रहनेछ ।कोषमा देहाय बमोजिमको रकम रहनेछ :-

(क)व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(ख)सहयोग, उपहारबाट प्राप्त रकम,

(ग) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

**२)कोषको उपयोग**

कोषको रकम देहायको कामको लागि उपयोग गर्नुपर्नेछ :

क. किशोर किशोरी सञ्जालको व्यवस्थापन, किशोर किशोरीको क्षमता विकास तथा किशोर किशोरीहरूको हक हित सम्वन्धमा समितिले तोके बमोजिमको कार्य गर्नुपर्नेछ,

ख. कोषको रकम समितिले गरेको निर्णयका आधारमा मात्र खर्च गर्नुपर्नेछ ।

ग. कोषमा जम्मा हुने रकमको स्रोत सञ्जालले प्रष्ट खुलाउनु पर्नेछ र बार्षिक आयव्यय प्रतिवेदन साधारण सभामा प्रस्तुत गरी अनुमोदन गर्नुपर्नेछ ।

घ. कोषको सञ्चालन पायक पर्ने बैंकमा सञ्जालको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।

१६. **प्रगति प्रतिवेदनः** वडा तथा गाउँपालिका स्तरीय किशोर किशोरी सञ्जालले गरेका कार्यको बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१७. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा परेका विषयहरू यसै बमोजिम र अन्य विषयहरूका हकमा प्रचलित कानुन बमोजिम हुनेछ।साथै यस कार्यविधिमा उल्लेखित कुनै व्यहोरा संघ तथा लुम्बिनी प्रदेश कानुनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुनेछ।

## अनुसूची १

किशोर किशोरी सञ्जाललाई गाउँपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर,रोल्पा।

विषयः किशोर किशोरी सञ्जाल दर्ता/ नवीकरण गरिपाँउ।

प्रस्तुत विषयमा यस सुनिलस्मृति गाउँपालिका वडा नं...............................को .....................मा गठन गरिएको तपसिल बमोजिमका पदाधिकारीहरू रहेको श्री............................................... सञ्जाललाई यस गाउँपालिका कार्यालयमा दर्ता/नवीकरण गरि किशोर किशोरी सञ्जाल दर्ता गरि प्रमाण-पत्र उपलब्ध गराईदिनुहुन अनुरोध छ।

तपशिलः

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

निवेदक:
अध्यक्षको नामः
सञ्चालको नामः
ठेगानाः

अनुसूची २
सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

## किशोर किशोरी सञ्जाल दर्ता प्रमाणपत्रको ढाँचा

दर्ता नं.

मितिः

सुनिलस्मृति गाउँपालिका वडा नं................स्थित...........................मा गठन भएको .................................. किशोर किशोरी सञ्जाललाई यस कार्यालयमा मिति.....................................मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ। यस गाउँपालिकाको किशोर किशोरीहरूको हित प्रवर्द्धन गर्ने, विकास निर्माणमा किशोर किशोरीको सहभागिता गराउने, सामाजिक विकृति विसङ्गतिका विरुद्ध आवाज उठाउने तथा किशोर किशोरीलाई सक्रिय र जागरुक गराउने पक्षमा यस किशोर किशोरी सञ्जालको उल्लेखनीय भूमिका हुने अपेक्षाका साथ उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

आज्ञाले
दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत